रिब्दीकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
प्रदेश नं ५

०७५६२००५४, ०७५६९२३०७८
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

प.सं.:– ०७६/०७७

च.नं.:–

मिति :–२०७६/१२/०७

## रिब्दीकोट गाउँपालिकाको सार्बजनिक अनुरोध !

विश्वब्यापी रुपमा महामारीको रुपमा फैलिएको COVID-19 कोरोना भाइरस रोकथाम र नियन्त्रणमा उच्च सतर्कता अपनाई आबश्यक तयारीको लागि तपसिल अनुसार गर्नु गराउनु हुन सम्पूर्ण गाउँपालिकावासी, कर्मचारी वर्ग लगायत सम्बद्द सबै पक्षमा रिब्दीकोट गाउँपालिका हार्दिक अनुरोध गर्दछ |

तपसिल :

१. अत्याबश्यक काम बाहेक घर बाहिर नजाने ,आवतजावत नगर्ने ,भिडभाड हुने ठाउँमा नजाने |

२. मिति २०७६/१२/०६ देखि चैत्र मसान्त सम्म गाउँपालिका भित्रका सबै बिद्यालयहरुमा बिद्यार्थीहरुलाई बिदा दिने |

३. बजारमा उपभोग्य सामाग्रीहरुको अभाब हुन नदिन सबै सरोकारवाला उच्च सतर्क रुपमा रहने | कोही कसैले कृतिम अभाव सृजना गर्ने, कालोबजारी गर्ने जस्ता कार्य गरेको पाइएमा सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा जानकारी गराउने |

४. सम्भावित संक्रमणको जोखिम बाट सुरक्षित रहन २५ जना भन्दा बढी जमघट हुने कार्यक्रमहरु नगर्ने नगराउने |

५. सबै वडा कार्यालयहरुमा र गाउँपालिका मा आउने सेवा ग्राही हरु समेत एक पटकमा एक जना पालो मिलाई कामकाज गर्ने व्यवस्था मिलाउने |

६. निरन्तर रुपमा रुघाखोकी लागेमा निमोनियाको शंका लागेमा वा उच्च आएमा ज्वरो आएमा तथा कोरोना भाइरस संक्रमण सँग मिल्दो जुल्दो लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा गई चेक जांच गर्ने र थप चेक जांच गर्नु परेमा नजिकैको अस्पतालमा रिफर गर्ने तथा टोल फ्री. नं.१११५ मा फोन गर्ने |

७. नियमित रुपमा साबुन पानीले हात धुने तथा स्यानिटाइजरको प्रयोग गर्ने |

८. यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरु अति आबश्यक काममा बाहेक बिदा नबस्ने |

९. बिबाह, ब्रतबन्ध जस्ता सामाजिक क्रियाकलाप न्यून उपस्थितिमा गर्ने |

१०. अर्को निर्णय नभए सम्म गाउँपालिका भित्र कुनै सरकारी कार्यालय ,गैर सरकारी संस्था,सामुदायिक तथा संस्थागत बिद्यालय,सहकारी संस्था,क्लब आदिले सामुहिक भ्रमण ,सभा,सम्मेलन आयोजना नगर्ने नगराउने |

**जनताको स्वास्थ्यमा प्रभाव पर्न नदिन र महामारीबाट बच्नको लागि गाउँपालिकाले लिनु परेको निर्णयले पर्न जाने असुविधा प्रति गाउँपालिका क्षमा याचना गर्दछ |**

अध्यक्ष

नारायण बहादुर जिसी